## मिति २०८१।०३।१६ गतेको सचिव बैठकका निर्णयहरु

(१) प्रदेश निजामती सेवा ऐन तथा नियमावलीमा व्यवस्था भएबमोजिम सबै मन्त्रालय/निकायले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति सहित असार मसान्तसम्ममा तोकिएको ढाँचाको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेश गर्ने।

(२) लुम्बिनी प्रदेशका सबै मन्त्रालय/निकायले आफ्नो र मातहत निकायको चालू आ.व. २०८०/०८१ को स्वीकृत बजेट तथा कार्यक्रम तोकिएको समयभित्रै सम्पन्न गर्ने गरी कार्य गर्ने।

(३) लुम्बिनी प्रदेशको सुशासन प्रवर्द्धन गर्न, पारदर्शिता एवं जवाफदेहिता संस्कृति विकास गरी भ्रष्टाचार न्यूनीकरण गर्दै समृद्ध प्रदेश निर्माणका लागि तयार गरिएको भ्रष्टाचार विरुद्धको ५ बर्षे रणनीति कार्ययोजनाको मस्यौदा सबै मन्त्रालय/निकायमा पठाई मस्यौदामा समावेश भएका विषयवस्तुका सम्बन्धमा कुनै राय, सुझाव वा परामर्श भएमा मन्त्रालय/निकायले यथाशीघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

(४) सबै विषयगत मन्त्रालय/निकायले विपद् पूर्व तयारी, प्रतिकार्य लगायत विपद् व्यवस्थापनका लागि निकायगत/कार्यगत समन्वय र सहकार्य गर्ने।

(५) लुम्बिनी प्रदेश सरकारको दोस्रो आवधिक योजना (२०८१/८२- २०८५/८६) को पूर्ण दस्तावेज तयारीका लागि विषयगत मन्त्रालय/निकायले प्राप्त दस्तावेजमा आवश्यक सुझाव सहित प्रदेश योजना आयोगमा पठाउने।

(६) मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) अनुरुप प्रदेशलाई तोकिएका कार्यहरुको कार्यसम्पादन तथा प्रतिवेदन गर्ने।

महादेव पन्थ
मि. प्रमुख सचिव